मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २५ गते बिहीबार ❑ 9 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## शैक्षिक परामर्श संस्थामा कडाइ, २५ लाख धरौटी र 'डिजिटल' कारोबार अनिवार्य

**रासस**
काठमाडौं, २४ असार

सरकारले शैक्षिक परामर्श संस्था, भाषा शिक्षण केन्द्र तथा तयारी कक्षाको सञ्चालनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ स्वीकृत गरेको छ।

मन्त्रिपरिषद्बाट स्वीकृत नियमावलीले अनुमतिपत्र, आर्थिक कारोबार, विद्यार्थी सुरक्षा तथा सेवा गुणस्तरसँग सम्बन्धित नयाँ व्यवस्था लागू गरेको हो । शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थीको हित संरक्षण, सेवा प्रवाहमा पारदर्शिता कायम गर्ने तथा शैक्षिक परामर्श संस्थाको प्रभावकारी नियमन गर्ने उद्देश्यले उक्त नियमावली तयार गरेको जनाएको छ । नियमावलीअनुसार शैक्षिक परामर्श सेवा सञ्चालन गर्न रु २५ लाख धरौटी राख्नुपर्नेछ । साथै, अनुमतिपत्रका लागि रु ५० हजार दस्तुर तिर्नुपर्ने छ । अब मन्त्रालयबाट अनुमतिपत्र नलिई शैक्षिक परामर्श सेवा सञ्चालन गर्न पाइने छैन । भाषा शिक्षण केन्द्र र तयारी कक्षाको नियमन भने प्रदेश वा स्थानीय तहले गर्न सक्ने छन् । अनुमति पत्रको अवधि एक वर्षको हुनेछ र प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ।

शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तालिम प्राप्त परामर्शदाता नियुक्त गर्नुपर्नेछ। साथै, संस्थाको आफ्नै भवन वा कम्तीमा तीन वर्षको भाडा सम्झौता भएको कार्यालय हुनुपर्ने व्यवस्था गरिएको छ । नियमावलीले विद्यार्थीसँग हुने आर्थिक कारोबार पूर्ण रूपमा डिजिटल माध्यमबाट गर्नुपर्ने व्यवस्था गरेको छ। सबै शुल्क बैंक वा अन्य डिजिटल माध्यमबाट मात्र लिन पाइनेछ भने नगद कारोबार गर्न पाइने छैन। संस्थाले शुल्कको बिल वा भरपाई अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ। साथै, सेवा शुल्कको विवरण आफ्नै वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ। विद्यार्थीको हित संरक्षणका लागि परामर्शदाता संस्थाको जिम्मेवारी पनि बढाइएको छ । परामर्श लिएका विद्यार्थी विदेशमा अलपत्र परेमा वा सम्बन्धित शिक्षण संस्था अवैध ठहरिएमा परामर्शदाता संस्थाले क्षतिपूर्ति दिनुपर्नेछ । विद्यार्थीले 'नो अब्जेक्सन लेटर' प्राप्त गरेपछि मात्र बैंकमार्फत शैक्षिक शुल्क भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ। नियमावलीले शैक्षिक परामर्श संस्थामा स्वदेशी लगानी मात्र रहने व्यवस्था गरेको छ । विदेशी लगानी भएका संस्थाले एक वर्षभित्र स्वदेशी लगानीमा नामसारी गर्नुपर्नेछ । त्यसैगरी, विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई लक्षित गरी शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न रोक लगाइएको छ। अन्य शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न भने मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्नेछ । मन्त्रालयले सेवा गुणस्तर, कार्यसम्पादन र विद्यार्थीको सफलताका आधारमा शैक्षिक परामर्श संस्थालाई 'ए', ' बी' र 'सी' श्रेणीमा वर्गीकरण गर्न सक्नेछ । जोखिमयुक्त विदेशी विश्वविद्यालय पहिचान गरी त्यस्ता संस्थामा विद्यार्थी पठाउन रोक लगाउने अधिकार पनि मन्त्रालयलाई दिइएको छ । नियमावलीअनुसार अनुमति पत्र नवीकरण नगर्ने, विद्यार्थीमाथि आर्थिक शोषण वा ठगी गर्ने, भ्रामक सूचना प्रवाह गर्ने वा कर नतिर्ने संस्थाको अनुमतिपत्र रद्द गरी धरौटी जफत गर्न सकिने व्यवस्था छ।

## गण्डकी र मधेशका प्रदेश प्रमुखबीच पोखरामा भेटवार्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार



गण्डकी प्रदेश र मधेश प्रदेशका प्रदेश प्रमुखबीच भेटवार्ता भएको छ । गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट र मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णबीच बुधबार पोखरास्थित प्रदेश प्रमुख निवासमा भेटवार्ता भएको हो।

अन्तर प्रदेश भ्रमणका क्रममा गण्डकी आइपुग्नुभएका मधेश प्रदेश प्रमुख कर्ण र उहाँकी धर्मपत्नीलाई भट्टले निवासमा स्वागत गर्नुभएको थियो। भेटमा दुई प्रदेशबीचसम्बन्ध थप प्रगाढ बनाउँदै सहयोग र सहकार्य गर्नुपर्नेमा जोड दिइएको प्रदेश प्रमुख कार्यालयले जनाएको छ। प्रदेश प्रमुखद्वयबीच प्रदेशमा भएका राम्रा कामहरूको अनुसरण गर्ने, अनुभवहरू साटासाट गर्ने विषयमा छलफल भएको थियो । उहाँहरूले आ-आफ्नो प्रदेशको वस्तुस्थिति र भएगरेका गतिविधिबारे अनुभव साझा गर्नुभएको थियो। प्रदेशको संस्थागत विकास र मर्यादा बढाउन संविधान कार्यान्वयन गर्दै अगाडि बढ्न आवश्यक रहेकोमा उहाँहरूको जोड थियो। गण्डकी प्रदेश प्रमुख भट्टले कानुनतः सरकारका प्रतिनिधिका रूपमा आ-आफ्ना प्रदेशमा जिम्मेवारी वहन गरिरहेकाले संघ सरकार र प्रदेश सरकारसँगको समन्वयकर्ताका रूपमा आफूहरू रहेको बताउनुभयो। मधेश प्रहरी प्रमुख कर्णले राष्ट्रिय एकताको अभियानकै रुपमा आफू सातै प्रदेशको भ्रमणमा रहेको जानकारी दिनुभयो । स्वागत कार्यक्रममा गण्डकी प्रदेश प्रमुख कार्यालयका सचिव विजय राना, मधेश प्रदेश प्रमुख कार्यालयका सचिव नारायणप्रसाद दाहाल, गण्डकी प्रदेश प्रमुखका प्रमुख स्वकीय सचिव रञ्जन अधिकारी लगायतको उपस्थिति रहेको थियो । उक्त अवसरमा मधेश प्रदेश प्रमुख कर्णले गण्डकी प्रदेश प्रमुख भट्टलाई आफ्नो प्रदेशमा भ्रमणका लागि निमन्त्रणा पनि गर्नुभयो । दुई प्रदेश प्रमुखहरूले आ-आफ्नो प्रदेशका धार्मिक तथा पर्यटकीय गन्तव्य अंकित मायाको चिनो आदानप्रदान गर्नुभएको थियो।

## पोखरामा २२ मेगावाटको सेतीखोला जलविद्युत आयोजना सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार



पोखरा महानगरपालिकामा निर्माण गरिएको २२ मेगावाट क्षमताको सेतीखोला जलविद्युत आयोजना सञ्चालनमा आएको छ।

पोखरा महानगरपालिका-३३ मुसेटुँडा क्षेत्रमा निर्माण गरिएको आयोजनाले असार १५ गतेदेखि परीक्षणस्वरूप विद्युत उत्पादन सुरु गरेको हो ।

आउदो साउनको पहिलो सातादेखि व्यावसायिक रूपमा विद्युत बिक्री गर्ने तयारी गरिएको आयोजना निर्देशक इन्जिनियर दीपक बरालले बताउनुभयो । आयोजनाबाट उत्पादित विद्युत हाल नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण प्रणालीमा परीक्षणका रूपमा जोडिएको उहाँले बताउनु भयो । उहाँका अनुसार नेपाल विद्युत प्राधिकरणको प्राविधिक टोलीले परीक्षण सम्पन्न गरेसँगै विद्युत उत्पादन सुरु गरिएको हो। प्रारम्भिक १५ दिन परीक्षण उत्पादन गरिने र त्यसपछि नियमित रूपमा व्यावसायिक उत्पादन सुरु हुने ई.बरालले जनाउनुभयो ।

करिब साँढे ४ बर्षमा उक्त परियोजना निर्माण गरिएको हो भने करिब ५ अर्ब ५ करोड रुपैयाँ लगानी भएको छ। २०७८ साल मंसिरमा निर्माण सुरु भएको आयोजना कोभिड-१९ महामारी, राजनीतिकअस्थिरता,प्रशासनिक जटिलता तथा प्राविधिक चुनौतीका कारण निर्धारित समयभन्दा करिब एक वर्ष ढिलो सम्पन्न भएको परियोजनाले जनाएको छ। आयोजनाको बाँध पोखरा-३३ टिक्लाङमा निर्माण गरिएको छ भने पावरहाउस तल्लो पुँडीटारमा रहेको छ । आयोजनाका लागि ३ हजार १ सय ६ मिटर लामो सुरुङ निर्माण गरिएको छ भने १ हजार २ सय मिटर लामो पेनस्टकमार्फत पानी पावरहाउससम्म पुऱ्याइएको छ । पावरहाउसमा ११-११ मेगावाट क्षमताका दुईवटा टर्बाइन जडान गरिएका छन्, जसबाट कुल २२ मेगावाट विद्युत उत्पादन हुनेछ। उत्पादित विद्युत करिब २ किलोमिटर लामो प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ।

निर्माणका क्रममा सुरुङ खन्ने बेला कमजोर भू-बनोट, प्रसारण लाइन निर्माणका लागि वन क्षेत्रको स्वीकृति प्राप्त गर्न भएको ढिलाइ तथा विभिन्न प्रशासनिक प्रक्रियाले आयोजना सम्पन्न गर्न अपेक्षाभन्दा बढी समय लागेको आयोजना निर्देशक बरालले बताउनु भयो । सेतीखोला हाइड्रोपावर लिमिटेडमा डोल्मा इम्प्याक्ट फण्डमार्फत विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाको लगानी रहेको छ । कम्पनीले निकट भविष्यमा सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) जारी गर्ने तयारीसमेत गरेको जनाएको छ। पोखरालाई ऊर्जा उत्पादनको दृष्टिले थप आत्मनिर्भर बनाउनुका साथै स्थानीय आर्थिक गतिविधि, लगानी र पूर्वाधार विकासमा समेत उक्त परियोजनाले महत्वपूर्ण योगदान दिने निर्देशक ई. बरालले विश्वास व्यक्त गर्नुभयो ।

## छानबिन प्रतिवेदन नआउँदासम्म बसपार्कको जग्गा दाबी गर्न मिल्दैन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

पोखरा महानगरपालिकाले प्रस्तावित पोखरा बसपार्कभित्रको जग्गाका बारेमा छानबिन भइरहेकाले अहिल्यै आफ्नो दाबी नगर्न आग्रह गरेको छ।

बसपार्कको जग्गा व्यवस्थापन तथा स्वामित्व सम्बन्धी विषयमा गठित छानबिन समितिको प्रतिवेदन नआउँदासम्म कुनै पनि पक्षले सार्वजनिक रूपमा आफ्नो अधिकार दाबी गर्न नमिल्ने महानगरले स्पष्ट पारेको छ । बसपार्कका लागि २०३२ सालमा अधिग्रहण गरिएको जग्गा विभिन्न समयमा बिक्री, सट्टापट्टा, बसोबास तथा भोगचलनका लागि दिइएको विषयमा कानुन र प्रक्रिया समान रूपमा पालना नभएको गुनासा आएपछि महानगरले अहिले न्यायिक छानबिन गरिरहेको छ।

महानगर प्रमुख

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा केही ठाउँमा ग्याँस अभाव, उपभोक्तालाई सास्ती

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

पोखरा सहित कास्कीका केही क्षेत्रमा खाना पकाउने एलपी ग्याँस सहज रूपमा नपाउँदा उपभोक्ताले सास्ती खेप्नुपरेको छ।

विशेषगरी आधा परिमाण (७.१ केजी) ग्याँस भरेर सिलिण्डर वितरण गर्ने व्यवस्था लागू भएपछि बजारमा सिलिण्डरको संख्या बढे पनि ढुवानी, वितरण र व्यवस्थापनमा समस्या देखिएको व्यवसायीहरूको भनाइ छ।

उपभोक्ताले भने केही पसलमा ग्याँस पाइए पनि नियमित रूपमा नदिइने, आज-भोलि भन्दै फर्काइने तथा प्राथमिकताका आधारमा वितरण गरिने गुनासो गरेका छन् । बजारमा ग्याँसको माग बढेसँगै आपूर्ति सहज बनाउन नेपाल आयल निगमको निर्णयअनुसार उद्योगहरूले केही महिनाअघि देखि १४.२ केजीको सट्टा ७.१ केजी ग्याँस भरिएका सिलिण्डर बजारमा पठाउन थालेका थिए । सुरुमा छोटो अवधिका लागि लागू गरिएको यो व्यवस्था अझै निरन्तर रहँदा यसको प्रभाव बजारमा देखिएको व्यवसायीहरूको भनाइ छ। एलपी ग्याँस विक्रेता संघ कास्कीका अध्यक्ष तथा ओम आर ग्याँस सप्लायर्स रामबजारका सञ्चालक नारायण दाहालले कास्कीमा समग्र रूपमा गम्भीर अभाव नभए पनि केही स्थानमा वितरणमा समस्या देखिएको बताउनु भयो । "हाल बजारमा ग्याँस अभाव हुनु नपर्ने अवस्था हो । तर ढुवानीको समस्या र केही व्यवसायीको कार्यशैलीका कारण केही ठाउँमा उपभोक्ताले दुःख पाइरहेका छन्," उहाँले भन्नुभयो ।

दाहालका अनुसार आधा सिलिण्डर वितरण सुरु भएयता बजारमा सिलिण्डरको माग करिब ५० प्रतिशतले बढेको छ। आफ्नै पसलमा दैनिक ६० देखि १३० वटा सिलिण्डर बिक्रीका लागि आउने गरेको उहाँले जनाउनु भयो। ग्याँस बिक्रेता महासंघका केन्द्रीय उपाध्यक्ष नारायण पौडेलले अहिले देखिएको समस्या कृत्रिम अभाव नभई आधा सिलिण्डर नीतिका कारण ढुवानी खर्च बढ्नु र उद्योगहरूसँग पर्याप्त स्टक नहुनु रहेको बताउनु भयो । "पहिले एउटै गाडीले कम सिलिण्डरमा बढी ग्याँस पुऱ्याउँथ्यो। अहिले आधा ग्याँस भएकाले सिलिण्डर संख्या धेरै बोक्नुपर्छ। यसले ढुवानी खर्च झण्डै दोब्बर बनाएको छ," उहाँले भन्नुभयो ।

पोखरामा केही समय बिक्री भएका त्रिवेणी, गीता, आरती र नमस्ते लगायतका ग्याँस ब्रान्डको

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीमा 'मनसुन प्रतिकार्य योजना' कार्यान्वयनमा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

जिल्ला प्रशासन कार्यालय कास्कीले मनसुनजन्य विपद्बाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न 'मनसुन प्रतिकार्य योजना- २०८३' कार्यान्वयनमा ल्याउने भएको छ।

जिल्ला विपद् व्यवस्थापन समितिको मङ्गलबारको बैठकमा प्रतिकार्य योजना प्रस्तुत गरिएको हो । यो प्रतिकार्य आयोजना जिल्ला समन्वय समिति कास्की र रेडक्रस सोसाइटी जिल्लासँग छलफल गरी थप अध्ययनपछि तीन दिनभित्रमा स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो । प्रशासनले तयार गरेको विपद् न्यूनीकरण प्रतिकार्य योजनामा बाढी, पहिरो, डुबान, नदी कटान, सडक अवरोधलगायत मनसुनजन्य विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत र पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउने व्यवस्था गरिएको छ।

कास्की नेपालकै बढी वर्षा हुने जिल्लामध्ये एक भएकाले अन्य प्रकोपको तुलनामा जलजन्य विपद्को जोखिम उच्च रहेकाले सोहीअनुसार योजना बनाइएको छ । योजनाअनुसार मनसुन अवधिभर मौसम तथा सम्भावित जोखिमबारे समयमै पूर्वसूचना प्रवाह गर्ने, जोखिमयुक्त बस्तीको पहिचान गर्ने, जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई तयारी अवस्थामा राख्ने, राहत सामग्रीको भण्डारण गर्ने तथा सुरक्षा निकायलाई चौबीसै घण्टा तयारी अवस्थामा परिचालन गरिने सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो । स्वास्थ्य, खानेपानी, सरसफाइ, अस्थायी आवास, खाद्यान्न, कृषि, पशुचौपाया, विद्यालय तथा बालबालिकाको सुरक्षा, महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षणलाई पनि योजनामा प्राथमिकताका साथ समेटिएको छ । योजनाले पृथ्वी राजमार्गअन्तर्गत विजयपुर, पुम्दीभुम्दी, चङ्खपुर (पामे), हेम्जा, सुइखेत, नयाँपुल र लुम्लेलगायत क्षेत्रलाई पहिरो तथा सडक अवरोधको उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरेको छ। यस्ता स्थानमा सडक अवरुद्ध भएमा अमर सिंहचोक, छोरेपाटन, भकुन्डे, हरिचोक, नयाँपुल र घट्टेखोलामा सवारीसाधन व्यवस्थापन 'होल्ड' गरिने उल्लेख गरिएको छ।

विपद्का बेला जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल र नेपाली सेनाले समन्वयात्मक रूपमा खोज तथा उद्धारकार्य सञ्चालन गर्नेछन् । जिल्ला प्रहरी कार्यालयले ६९ जना तालिमप्राप्त जनशक्ति तथा उद्धार सामग्री तयारी अवस्थामा रहेको छ भने सशस्त्र प्रहरीसँग ५१ जना जनशक्ति, ११ जना गोताखोरसहित जल उद्धारका आवश्यक उपकरण तयारी अवस्थामा राखिएको योजनामा उल्लेख छ । त्यसैगरी नेपाली सेनासँग ३५ जनाको जनशक्ति राखिएको छ।

"मनसुनजन्य विपद्बाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षतिको न्यूनीकरण गर्ने उद्देश्यले प्रतिकार्य योजना बनाइएको हो । यसबाट विपद् पूर्वतयारी र प्रतिकार्यलाई व्यवस्थित बनाउन सहयोग पुग्छ", सहायक प्रमुख जिल्ला अधिकारी बरालले भन्नुभयो।

चालु आर्थिक वर्ष २०८२/८३ को जेठ १२ गतेसम्म जिल्लामा १०८ वटा विपद्का घटना भएका, ती घटनामा दुई जनाको मृत्यु, ११ जना घाइते तथा करिब रु छ करोड ४१ लाख ८० हजार बराबरको क्षति भएको तथ्याङ्क रहेको छ।

# मुस्ताङबाट २२ हजार केजी फोहर सङ्कलन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २४ असार



जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले फोहरमैला व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको छ।

जिल्लाको घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकामा सङ्कलन भएको फोहरलाई एक्याप जोमसोमले गत वर्षदेखि व्यवस्थापन गर्न थालेको हो। एक्याप प्रमुख राजेश गुप्तका अनुसार आव २०८२/८३ को साउनदेखि असार अन्तिमसम्म जिल्लाका तीन पालिकामा सङ्कलन गरिएको २२ हजार १८९ केजी नकुहिने विभिन्न प्रकारका फोहरलाई ट्रकमा ढुवानी गरी जिल्ला बाहिर निकासी गरेको जानकारी दिनुभयो । एक्याप प्रमुख गुप्तका अनुसार चालु वर्षको बाह्र महिनामा मुस्ताङमा सङ्कलन भएको फोहरलाई दुई हजार ५८१ बोरामा राखेर पोखरातर्फ निकासी गरिएको हो।

एक्याप जोमसोम कार्यालयका अनुसार चालु वर्षको भदौमा ६४४ केजी, कात्तिकमा ८६०, मङ्सिरमा एक हजार ५५६, पुसमा एक हजार ३५१, फागुनमा एक हजार ८८८, चैतमा दुई हजार ४६२, वैशाखमा दुई हजार २३० र असारमा छपटक गरी १० हजार ६५९ केजी फोहर पोखरास्थित ग्रिन रोड वेस्ट मेनेजमेन्ट प्रालि प्रशोधन केन्द्रमा पठाइएको हो।

एक्यापले गत वर्ष मुस्ताङका तीन गाउँपालिकामा सङ्कलित १० हजार १९० केजी फोहर जिल्ला बाहिर निकासी गरेको थियो । गत वर्षको तुलनामा चालु वर्ष (११७.७५) प्रतिशत बढी फोहर मुस्ताङबाट निकासी भएको एक्याप प्रमुख गुप्तको भनाइ छ। एक्यापले धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङका तीन पालिकामा चालु वर्ष चारवटा फोहर सङ्कलन केन्द्र पूर्वाधार निर्माण गरेको छ । जसमध्ये एक फोहर सङ्कलन केन्द्रलाई अर्को स्थानमा स्थान्तरण गरिएको छ। गत वर्ष एक्यापले मुस्ताङका पर्यटकीय चहलपहल हुने क्षेत्रमा आठवटा फोहर सङ्कलन केन्द्र निर्माण गरेको थियो। कार्यालय प्रमुख राजेश गुप्तले मुस्ताङमा पर्यटकको आगमन सङ्ख्या बर्सेनि वृद्धि भइरहेकाले सोहीअनुसार फोहर सङ्कलनको मात्रा बढ्दै गइरहेको उल्लेख गर्नुभयो। मुस्ताङ भित्रिने पर्यटक तथा स्थानीयबाट उत्पादन हुने नकुहिने फोहरलाई पोखरास्थित प्रशोधन केन्द्रमा पठाउने गरिएको छ । यहाँका विभिन्न सङ्कलन केन्द्रमा जम्मा हुने नकुहिने फोहरको वर्गीकरण गरी सङ्कलन हुन नसक्दा आंशिक समस्या परेको एक्याप प्रमुख गुप्तको भनाइ छ। जिल्लामा समुदायस्तरका आमा समूह, गाउँसमाज र संरक्षण क्षेत्र व्यवस्थापन समितिलगायतले मासिक रूपमा सरसफाइ गरी फोहर सङ्कलन गर्ने गरेको भए पनि टिन/क्यान, सिसाजन्य र प्लाष्टिकका फोहर छुट्टाछुट्टै सङ्कलन नहुँदा समस्या परेको उहाँले बताउनुभयो।

जिल्लामा दुई वर्षअघि यहाँका पर्यटन व्यवसायी र समुदायले यहाँ उत्पादन हुने नकुहिने फोहर खाल्डो खनी विर्सजन गरेकामा गत वर्षदेखि एक्याप कार्यालयको खर्चमा सङ्कलित जिल्ला बाहिर निकासी गर्न थालिएको हो। जिल्लालाई स्वच्छ, सफा र वातावरणमैत्री तुल्याउन आगामी वर्षहरूमा थप सङ्कलन केन्द्र निर्माण गर्दै जाने नीति लिइएको छ।

जलवायु सङ्कट न्यूनीकरण गर्न एक्यापले मुस्ताङमा लक्षित वर्गहरूलाई इन्डक्सन चुलो र विभिन्न उपकरण वितरण गर्दै आइरहेको छ भने फोहरबाट हुने प्रदूषणले मानव स्वाथ्यमा पुर्याउन सक्ने असरका विषयमा समेत विभिन्न स्थानमा साइन पोस्टिङ गर्नेलगायतका काम गर्दै आइरहेको जनाएको छ।

# बञ्जीजम्पप्रति भारतीय पर्यटकको आकर्षण बढ्दो

**हरिप्रसाद बास्तोला**
पोखरा, २४ असार



पर्यटकीय नगरी पोखरामा साहसिक खेल बञ्जीजम्पप्रति भारतीय पर्यटकको आकर्षण बढेको पाइएको छ । पोखरा महानगरपालिका-१७ रातोपैह्रामा बञ्जी नेपालले सञ्चालनमा ल्याएको बञ्जीजम्प गर्नेमा सबैभन्दा बढी भारतीय पर्यटक रहेका छन्।

गत जेठमा ५०० जनाले बञ्जीजम्प गरेकामा त्यस मध्ये ५० प्रतिशत सहासिक भारतीय पर्यटक रहेको बञ्जी नेपाल एडभेन्चर्स प्रालिका अध्यक्ष दुर्गादत्त खरेलले जानकारी दिनुभयो । एकै महिनामा कम्पनीले त्यसबाट रु ३७ लाख ५० हजारभन्दा बढी आम्दानी गर्न सफल भएको छ । उहाँका अनुसार विगतको तुलनामा यस वर्षको वैशाख, जेठ र असारमा बञ्जीजम्प गर्नेको सङ्ख्यामा उल्लेखनीय रूपमा वृद्धि भएको छ । सडक तथा हवाई पहुँच सहज बन्दै जाँदा भारतीय पर्यटकको पोखरा आगमनमा उल्लेख्य वृद्धि भएको छ । पछिल्लो समय दैनिकजसो भारतीय युवाको समूह बञ्जीजम्प गर्न आउने गरेको पाइएको छ।

विदेशमा रोजगारी तथा उच्च शिक्षाका लागि गएका नेपाली युवा छुट्टीमा स्वदेश फर्किएपछि पोखरा घुमघामसँगै साहसिक खेलको अनुभव गर्ने चाहना राख्ने क्रम पनि बढेको छ। उनीहरूका लागि बञ्जीजम्प छुट्टीको विशेष आकर्षण बन्न थालेको अध्यक्ष खरेलको भनाइ छ। उहाँले भन्नुभयो, "छ वर्षअघि सञ्चालनमा आएको बञ्जी नेपालले हालसम्म १५ हजारभन्दा बढी व्यक्तिलाई बञ्जीजम्प गराइसकेको छ। कम्पनीले प्रत्येक व्यक्तिबाट रु सात हजार ५०० शुल्क लिने गरेको छ । जसमा फोटो, भिडियो र टिसर्ट उपहारको समेत व्यवस्था गरेको छ।" एक सय एक मिटरको गहिराइमा हामफाल्ने उक्त बञ्जीजम्पको सबैभन्दा ठूलो विशेषता भनेको प्राकृतिक दृश्य हो। उहाँले भन्नुभयो, "हामफाल्ने क्रममा एकातिर माछापुच्छ्रे र अन्नपूर्ण हिमशृङ्खलाको मनमोहक दृश्य देखिन्छ भने अर्कातर्फ तल बगेको सेती खोंच र वरपरको हरियालीले साहसिक अनुभवलाई अझ रोमाञ्चक बनाइदिन्छ।" यही दृश्यावलोकनका कारण धेरै पर्यटकले पोखराको बञ्जीलाई जीवनकै अविस्मरणीय अनुभवका रूपमा लिने गरेका छन्। बञ्जी नेपालका संस्थापक अध्यक्ष सन्तोष भट्टराईसहित ११ जना पोखराका युवा उद्यमीले उक्त संस्थामा संयुक्त रूपमा रु आठ करोड २५ लाख लगानी गर्नुभएको हो।

क्यान्टिलिभर ब्रिजको डिजाइनमा बनाएको ३५ मिटर अग्लो टावरको फेदबाट बञ्जीजम्पका लागि ५५ मिटर लामो प्लेटफर्म निर्माण गरिएको छ। सेती नदीको खोंचमा बनेको र फराकिलो हिमशृङ्खला हेर्दै जम्प गर्न पाइने भएकाले वञ्जीजम्पमा थप आकर्षण बढ्ने विश्वास गरिएको छ। बञ्जी सञ्चालनमा आएसँगै अप्रत्यक्ष रूपमा स्थानीयलाई रोजागरी, पर्यटन व्यवसाय र आसपासका होटल, रेष्टुरेन्ट तथा यातायात क्षेत्रमा समेत आर्थिक गतिविधि बढाएको छ। कम्पनीमा हाल २० जनाले प्रत्यक्ष रोजगार प्राप्त गरेको कम्पनीका कार्यकारी निर्देशक मीना बरालले जानकारी दिनुभयो। प्रत्येक वर्ष कम्पनीले नेपाल सरकारलाई दुईदेखि साढे दुई लाखसम्म राजस्व बुझाउँदै आएको छ । पोखरामा प्याराग्लाइडिङ, जिपलाइन, अल्ट्रालाइट, हटएयर बेलुनजस्ता साहसिक गतिविधिसँगै बञ्जीजम्प पनि महत्त्वपूर्ण पर्यटन उत्पादनका रूपमा स्थापित हुँदै गएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले बताउनुभयो। विदेशी मुद्रा आर्जन, युवालाई रोजगारी तथा पोखराको पर्यटन प्रवर्द्धनमा यस्ता साहसिक खेलले उल्लेखनीय योगदान पुर्याइरहेका छन् । उहाँका अनुसार पर्यटन व्यवसायीहरूका अनुसार साहसिक पर्यटनका यस्ता गन्तव्यलाई स्थानीय समुदाय, निजी क्षेत्र र सरकारी निकायबीचको सहकार्यबाट अझ व्यवस्थित रूपमा प्रवर्द्धन गर्न सके पोखराले अन्तरराष्ट्रिय साहसिक पर्यटन गन्तव्यका रूपमा थप उचाइ हासिल गर्न सक्नेछ।

पोखराको मुख्य पर्यटकीयस्थलबाट करिब तीन मिलोमिटर दूरीमा रहेको बञ्जी कतिपय आन्तरिक पर्यटकको यही प्रयोजनका लागि पोखरा बसाइ लम्बिन सक्छ । तर एकैदिनमा बञ्जीजम्प गरेर फर्कन पनि सकिने छ। प्रमुख लामिछानेका अनुसार गण्डकी प्रदेशमा कुश्मासहित पोखरा रातोपैह्रा र हेमजामा पनि बञ्जी सञ्चालन गरिएको छ।

## पोखरामा ...

आपूर्ति सहज नभएकाले ती कम्पनीका सिलिण्डर भएका उपभोक्ता बढी समस्यामा परेको दाबी गर्नुभयो।

व्यवसायीबीच व्यावसायिक अनुशासनको कमी हुँदा कतिपय ठाउँमा उपलब्ध ग्याँस पनि समान रूपमा वितरण हुन नसकेको उहाँको भनाइ छ।

पोखराका केही उपभोक्ताले नियमित रूपमा ग्याँस लिने पसलमा पुग्दा "आज बेलुका आउनुस", "भोलि आउनुस" भन्दै फर्काइने गरेको गुनासो गरेका छन्। कतिपयले "यो सिलिण्डर अरूले पैसा तिरेर राखेको हो" भन्दै ग्याँस नदिने गरेको उनीहरूको भनाइ छ । गृहलक्ष्मी ग्याँस कम्पनीका सञ्चालक धर्मराज वतौलाले भने हाल बजारमा ग्याँस अभाव नभएको दाबी गर्नुभयो । आधा सिलिण्डर वितरण सुरु भएयता कम्पनीको व्यापार नै प्रभावित भएको उहाँको भनाई छ । "पहिला मासिक करिब ४० हजार सिलिण्डर बिक्री हुन्थ्यो। अहिले करिब ५० प्रतिशतले व्यापार घटेको छ । बजारमा ग्याँस छैन भन्ने अवस्था होइन," उहाँले भन्नुभयो । यता शक्ति ग्याँस कम्पनीका सञ्चालक मेघराज पौडेलका अनुसार आधा सिलिण्डर प्रणालीपछि बजारमा सिलिण्डरको संख्या उल्लेख्य रूपमा बढेको छ। "पहिला मासिक करिब ७० हजार सिलिण्डर बजारमा जान्थ्यो। अहिले एक लाख पाँच हजारसम्म पुगेको छ। तर आधा सिलिण्डर वितरण गर्दा ढुवानी खर्च बढेको छ भने उपभोक्ताले पनि पटक-पटक ग्याँस भर्न जानुपर्ने बाध्यता भएको छ।" उहाँले भन्नभयो। कम्पनीले पहिलेभन्दा धेरै सिलिण्डर लोड र अनलोड गर्नुपरेकाले वितरण प्रणालीमा थप दबाब परेको कम्पनीले जनाएको छ।

व्यवसायीहरूका अनुसार मध्यपूर्वमा बढेको तनावका कारण ग्याँस अभाव हुने हल्ला फैलिएपछि कतिपय उपभोक्ताले आवश्यकता भन्दा बढी सिलिण्डर घरमै सञ्चय गर्न थालेका थिए। यसले पनि बजारमा असन्तुलन सिर्जना गरेको उनीहरूको भनाइ छ । पोखरा क्षेत्रमा गृहलक्ष्मी र शक्ति ग्याँसले आफ्नै बोटलिङ प्लान्टमार्फत ग्याँस भरेर वितरण गर्दै आएका छन् भने अन्य कम्पनीसहित करिब १७ वटा कम्पनीका ग्याँस सिलिण्डर बिक्री हुँदै आएका छन्। जाडो याममा मासिक करिब डेढ लाख र गर्मीमा करिब एक लाख ४० हजार सिलिण्डर ग्याँस खपत हुने अनुमान छ।

पर्यटकीय क्षेत्र लेकसाइडमा ग्याँसको खपत सबैभन्दा बढी हुने गरेको व्यवसायीहरू बताउँछन् । व्यवसायीहरूले अब तत्काल पूर्ण परिमाण (१४.२ केजी) ग्याँस वितरण प्रणाली पुनः लागू गर्नुपर्ने माग गरेका छन्।

## छानबिन ...

धनराज आचार्यले छानबिन समितिको अन्तिम प्रतिवेदन नआउँदासम्म 'मेरो लालपुर्जा यति हो' वा 'मेरो अधिकार यही हो' भन्ने सार्वजनिक दाबी गर्नु उपयुक्त नहुने बताउनुभयो । बसपार्कभित्रका ६०० व्यवसायीले सार्वजनिक हितका लागि आफ्नो व्यावसायिक स्थान छाडेर व्यवस्थापन प्रक्रियामा सहयोग गरिसकेको उल्लेख गर्दै उहाँले एउटा पेट्रोल पम्पलाई मात्र विशेष सुविधा दिनुपर्ने तर्क न्यायोचित नहुने बताउनुभयो । "प्रतिवेदन प्राप्त भएपछि त्यसले ठहर गरेबमोजिम सबै लालपुर्जा भएका वा दाबी गर्ने पक्षका हकमा समान कानुनी मापदण्डका आधारमा निर्णय लागू गर्नेछौँ । तथ्य र कानुनी प्रक्रिया पूरा नहुँदै दाबी गर्नु उचित हुँदैन । कानुनी राज्यमा मौखिक अनुमति वा अनौपचारिक सहमतिले स्थायी कानुनी अधिकार सिर्जना गर्दैन । कानुन, प्रक्रिया, समानता र न्यायका आधारमा नै अन्तिम निर्णय गर्नेछौँ", महानगर प्रमुख आचार्यले भन्नुभयो । बसपार्कभित्रका सुकुम्बासीको छानबिन कार्य सम्पन्न भइसकेको र प्राप्त प्रतिवेदनका आधारमा अघि बढाइने सम्पूर्ण प्रक्रिया पारदर्शी रूपमा सार्वजनिक गरिने महानगरले जनाएको छ।

# मुख्यसचिवमा कार्की नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

सरकारले नयाँ मुख्यसचिवमा गोविन्दबहादुर कार्कीलाई नियुक्त गरेको छ।

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा बुधबारभएको मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव कार्कीलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो । मुख्यसचिव



सुमनराज अर्याल यही असार २६ गतेदेखि अनिवार्य अवकाशमा जाँदै हुनुहुन्छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

ऋण लिने दिने मान्छे नै सबैभन्दा दु:खी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# वरिष्ठ मिचेर मुख्यसचिव बढुवा

सरकारले निजामती सेवामा हाल कार्यरत दर्जनौं वरिष्ठ सचिवहरूलाई पन्छाउँदै गोविन्दबहादुर कार्कीलाई मुख्य सचिवमा बढुवा गरेको छ । बालेन्द्र शाह नेतृत्वको सरकारले निजामती सेवाको उच्च पद मुख्यसचिवमा पनि क्रमभंग गरेको छ। मुख्यसचिव सुमनराज अर्याल ५८ वर्षे उमेरहदबाट शुक्रबार अवकाश हुने भएपछि रिक्त हुने पदमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कार्कीलाई बुधबारको मन्त्रिपरिषद् बैठकले बढुवा गरेको छ। वरीयताक्रमको एक नम्बरमा किरणराज शर्मा थिए । तर सरकारले वरीयतामा पछि रहेका कार्कीलाई नै मुख्यसचिव बनायो । २०२७ सालमा भोजपुरको भंगेरीमा जन्मिएका कार्की २०४६ सालमा खरिदारबाट निजामती सेवामा प्रवेश गरेका हुन् ।

उनी २०५३ सालमा शाखा अधिकृत, २०६२ मा उपसचिव, २०७० सालमा सहसचिव भएका थिए । उनी २० भदौ २०८१ मा सचिव पदमा बढुवा भएका हुन् । सचिव भएको पुगनपुग दुई वर्षमै उनी मुख्यसचिव बनेका हुन् । राष्ट्रिय योजना आयोगको योजना अधिकृतको रुपमा करियर शुरु गरेका कार्कीले लमजुङ, भोजपुर र काभ्रेमा स्थानीय विकास अधिकारीको रुपमा काम गरेका थिए । सहसचिव भएपछि उनी डोटी र कञ्चनपुरका सीडीओ बनेका थिए । त्यसपछि एयरपोर्ट अध्यागमनको प्रमुख र पर्यटन विभागको महानिर्देशक बने । उनले चार वर्ष चीनको ल्हासामा महाबाणिज्यदूतको रुपमा काम गरेका थिए । बागमती प्रदेशको कामू प्रमुख सचिव बनेका कार्की सचिवमा बढुवा भएपछि उद्योग, वाणिज्य तथा आपूर्ति सचिव बनेका थिए । उनी जेठ, २०८२ देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सचिव छन् । सरकारले वरिष्ठहरूलाई छोडेर कार्कीलाई नियुक्त गरेपछि आफूभन्दा जुनियर व्यक्तिलाई ल्याइएकोमा असन्तुष्ट छन् । 'लामो अनुभव भएका वरिष्ठलाई  छोडेर निकै पछाडिबाट तान्दा यसले अब काम गर्नेहरूको मनोविज्ञानमा असर गर्छ ।' वरिष्ठताको अर्थ नहुनेभएपछि जो पनि अब पदका लागि आकांक्षी हुने अस्वस्थ चलन चल्नेछ ।

विगतमा मुख्य सचिव हुनुअघि वरिष्ठ सचिवहरूको राजनीतिक लबिङको लागि दौडधुप हुने गर्थ्यो । तर यसपटक त्यस्तो दौड भएन । वरिष्ठताक्रममा माथि रहेका सचिवहरूलाई मुख्य सचिव बनाउनैपर्छ भन्ने कानुनी बाध्यता चाहिँ छैन। तर समान्य अवस्थामा वरिष्ठतालाई ख्याल गरेर सरकारहरूले एउटै ब्याजी मध्येकालाई नियुक्ति दिने अभ्यास पनि छ। हाल अवकाश पाउन लागेका मुख्य सचिव सुमनराज अर्याल पनि वरिष्ठताकै आधारमा नियुक्त भएका हुन् । त्योभन्दा अघिका नियुक्तिहरूमा पनि वरिष्ठताक्रममा माथि रहेका वा समकालीनहरू मध्येबाट ल्याउँदा पनि असन्तुष्टी जनाउँदै सचिवहरूले राजीनामा नै दिएका घटना पनि छन् ।

केपी शर्मा ओलीको पालामा एकनारायण अर्याललाई मुख्य सचिव बनाउँदा तोयानारायण ज्ञवाली र दिनेश भट्टराईले राजीनामा दिएका थिए। बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला लीलामणि पौडेललाई मुख्यसचिव बनाउँदा पनि वरिष्ठ सचिवहरूले असन्तुष्टी जनाउँदै राजीनामा दिएका थिए । त्यसबेला शंकर कोइराला, सुशीलजंग राणा, त्रिलोचन उप्रेती लगायतले राजीनामा दिएका थिए । प्रशासनको उच्च ओहदामा रहने सचिवहरूको वरीयता ख्याल नगरी अघि बढाउँदा त्यसले प्रशासनमा असर गर्ने यस क्षेत्रका जानकारहरू बताउँछन् । मुख्य सचिव सबै सचिवहरूले स्विकार गरेको र मानेको मानिसहरू जानुपर्छ भन्ने मान्यता छ । पहिले त्यही ब्याचका सचिवहरूलाई नियुक्त गरिन्थ्यो । अहिले त त्यो पनि हेरिएन ।' अहिले एउटै ब्याचका मध्येबाट नभई त्यो भन्दा तलबाट मुख्यसचिव बनाइएको छ। सरकारले राम्रै छानेको छु भनेपनि निजामती क्षेत्रले स्वीकार्न सकेको देखिदैन ।

नयाँ सरकार बनेपछि नियुक्तिहरूमा भएका पुराना कतिपय अभ्यासहरूलाई बदल्न खोजोको छ । त्यो सिलसिला संवैधानिक परिषद्ले प्रधानन्यायधीश सिफारिस गर्दा पनि देखिएको थियो । सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा वरीयताक्रममा चौथो नम्बरमा रहेका डा. मनोजकुमार शर्मालाई सिफारिस गरिएको थियो । अहिले मुख्य सचिवमा पनि वरीयताक्रमलाई ख्याल गरिएन । सरकारको निर्णय अनुमानयोग्य नहुने भएको छ । बरिष्ठ, सक्षम र ईमानदारको कदर नहुने भएको छायसले स्थायी सरकारको रुपमा चिनिएको निजामतीमा राजनीतिक नेतृत्वले जे चाह्यो त्यही हुन्छ भन्ने सन्देश दिएको छ। कानुनको शाशन होइन हुकुमी शासनमा लान खोजेको प्रतीत हुन्छाजुन लोकतान्त्रिक शासन प्रणालीका लागि दुर्भाग्य हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तिलिचो ताल पदमार्गमा आश्रयस्थल निर्माण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २४ असार

तिलिचो ताल पदमार्गमा पर्यटक आश्रयस्थल निर्माण गरिएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले उक्त स्थान निर्माण गरेको हो ।

एक्याप जोमसोमको रु १२ लाख ३५ हजार ५५० लागतमा मुस्ताङको घरपझोङ-५ स्थित नमखुखर्क लेकमा ५० जना पर्यटक अट्नसक्ने क्षमताको आश्रयस्थल निर्माण सम्पन्न भएको प्राकृतिक स्रोत संरक्षण सहायक दीपक ओलीले जानकारी दिनुभयो । मुस्ताङको जोमसोमबाट ठिनी, नमखुखर्क, मेसोकोन्दो पास हुँदै तिलिचो ताल पुगिन्छ । ताल समुद्री सतहबाट चार हजार ९१९ मिटर अग्लो स्थानमा अवस्थित छ । तिलिचो ताल मनाङ जिल्लामा पर्छ ।

जिल्लाको निस्याङ गाउँपालिकामा अवस्थित योताललाई विश्वकै उच्चस्थानमा अवस्थित प्राकृतिक सौन्दर्यले भरिपूर्ण आन्तरिक तथा बाह्य पर्यटकलाई साहसिक पर्यटकीय गन्तव्यका रुपमा लिने गरिन्छ । मनाङबाट भन्दा मुस्ताङको जोमसोमबाट ठिनी हुँदै तिलिचो जाने पर्यटकीय पदमार्ग निकै छोटो दूरीको सहज पर्यटकीय पदमार्ग हो ।

आश्रयस्थल निर्माण भएसँगै मुस्ताङको जोमसोमबाट ठिनी हुँदै तिलिचो तालको पदयात्रा गर्ने पर्यटकलाई निकै सहज हुने बताइन्छ । विश्राम घरमा पर्यटकले खाने र बस्ने  हलको सुविधा पाउँछन् । तिलिचो पदमार्गको नमखुखर्कदेखि माथि करिब ३०० मिटर जीर्ण पदमार्गमा ग्याविन पर्खाल निर्माण गरी पदमार्ग निर्माण गरिएको छ ।

मुस्ताङबाट सबैभन्दा छिटो र सहज यात्रा गर्न सकिने तिलिचो पदमार्गको जानकारी नहुँदा उक्त पदमार्गमा पर्यटकको पदयात्रा कम हुने गरेको छ। हिमपहिरो र सुक्खा पहिरोका कारण तिलिचो पदमार्ग बिग्रने र भत्किने भए पनि एक्याप जोमसोम र संरक्षण व्यवस्थापन समितिले मर्मत सुधारका कार्यहरू गर्दैआइरहेका छन्। नमखुखर्कबाट करिब पाँच घण्टाको उकालो पैदलयात्रा गर्दै समुद्री सतहको पाँच हजार २४५ मिटरको मेसोकोन्दा पास छिचोलेर एक घण्टाको समयमा तिलिचो ताल पुग्न सकिन्छ । पर्यटकले नीलगिरि र धौलागिरि हिमाललगायतको दृष्यावलोकन गर्न सक्छन् । यहाँबाट वन्यजन्तुको गतिविधि र याक तथा चौरीको वासस्थानलगायतका क्षेत्रको अवलोकन गर्न सकिन्छ ।

# गर्मी छल्न गाईखुरे झरनामा पर्यटकको भीड

**पोखरापत्र संवाददाता**
लमजुङ, २४ असार

गर्मी छल्न र प्राकृतिक सौन्दर्यमा रमाउन चाहने आन्तरिक पर्यटकको रोजाइमा लमजुङको गाईखुरे झरना पर्न थालेको छ।

बैंसीसहर नगरपालिका-१ दलालस्थित डुम्रे-बैंसीसहर सडक छेउमै रहेको त्यस झरनामा दैनिक पाँच सय पर्यटक पुग्ने गरेका पाइएको छ । अघिपछि भन्दा सार्वजनिक बिदाका दिन पर्यटकको संख्या दोब्बर हुने गरेको छ । बैंसीसहर बजारबाट करिब छ किलोमिटरको दूरीमा रहेको करिब एक सय मिटर अग्लो उक्त झरना सहज पहुँचका कारण पर्यटकको आकर्षणको केन्द्र बनेको छ । स्थानीयका अनुसार गत वर्ष साउनपछि मात्रै त्यहाँ हेर्न आउनेको चहलपहल बढ्न थालेको हो । यस वर्ष असार लागेसँगै पर्यटकको उल्लेख्य भीड देखिन थालेको छ।

स्थानीयका अनुसार मौसम अनुकूल रहे आगामी दिनमा पर्यटकको संख्या अझ बढ्न सक्नेछ । अग्लो पहराबाट झरिरहेको कञ्चन पानी तलको प्राकृतिक पोखरीमा खस्दा सृजना हुने मनमोहक दृश्यले जोकोहीलाई आकर्षित गर्दै आएको छ। झरनाबाट उड्ने पानीका सङ्ला छिटा घामको किरणसँग ठोक्किँदा देखिने सप्तरङ्गी इन्द्रेणीले सौन्दर्यलाई थप मनमोहक बनाएको छ।

पछिल्लो दिनमा झरनाको फेदीसम्म पुगेर फोटो तथा भिडियो खिच्ने, सेल्फी लिने र पोखरीमा पौडी खेलेर रमाउने पर्यटकको भीड बढेको छ । लमजुङका साथै मनाङ, गोरखा, कास्की, तनहुँ, चितवनलगायत विभिन्न जिल्लाबाट आन्तरिक पर्यटक यहाँ आउने गरेका स्थानीयको भनाइ छ।

तनहुँबाट आउनुभएकी पार्वती तामाङले आफूले सुनेको र सोचेको भन्दा झरना अझ सुन्दर लागेको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "गर्मीमा यहाँको चिसो पानीमा पौडी खेल्न, फोटो र भिडियो खिच्न तथा साथीभाइसँग रमाउन निकै आनन्द आयो ।" झरना घुम्न आउनुभएका सृजना श्रेष्ठ, लक्ष्मण गुरुङ, सन्तोष थापा र युनिक गुरुङलगायतले गाईखुरे झरना प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको बताउनुभयो । त्यहाँ झरना र प्राकृतिक पोखरीको अवलोकनका साथै पौडी खेल्न र साहसिक खेल क्यानोनिङ सञ्चालन गर्ने सम्भावना छ। नगरपालिकाका सूचना अधिकारी दिपेश घिमिरेका अनुसार चालु आर्थिक वर्षमा रु नौ लाखको लागतमा झरना क्षेत्रमा दुईवटा पोखरी निर्माण गरिएको छ । गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयले 'एक जिल्ला, एक पर्यटन क्षेत्र' कार्यक्रमअन्तर्गत आगामी आर्थिक वर्षका लागि गाईखुरे झरना विकासमा रु ५० लाख बजेट विनियोजन गरेको छ । उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमालले गाईखुरे झरनालाई प्रदेशकै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित बजेट विनियोजन गरिएको बताउनुभयो। उहाँका अनुसार मर्स्याङ्दी नदीबाट पानी ल्याई वर्षभरि झरनामा पानी बग्ने व्यवस्था गर्ने, थप पोखरी निर्माण गर्ने, पार्किङस्थल बनाउने तथा क्यानोनिङ र र्‍याफ्टिङ सञ्चालन गर्ने योजना रहेको छ । बैंसीसहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले झरनालाई व्यवस्थित गरी पर्यटक आकर्षित गर्न केही वर्षअघि नगरपालिकाले ठेक्का प्रक्रिया अघि बढाएको भए पनि काम हुन नसक्दा पूर्वाधार विकासले गति लिन नसकेको बताउनुभयो । चक्रीय अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ भएकाले यही मार्ग हुँदै यात्रा गर्ने विदेशी पर्यटकसमेत गाईखुरे झरना पुग्ने गरेका छन् । यस्तै, मर्स्याङ्दी गाउँपालिका-४ स्थित अक्टोपस झरना, बुङ झरना तथा वडा नं. ८ भुलभुलेस्थित हामखोला झरनामा पनि पर्यटकको चहलपहल बढेको छ। बैंसीसहर-चामे सडक हुँदै मनाङ जाने आन्तरिक तथा विदेशी पर्यटकले ती झरनामा समेत अवलोकन गर्ने गरेको मर्स्याङ्दी गाउँपालिका अध्यक्षका स्वकीयसचिव प्रदीप गुरुङले बताउनुभयो । पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले प्राकृतिक सम्पदाको संरक्षण, प्रचारप्रसार र आवश्यक पूर्वाधार विकास गर्न सके पर्यटकको आगमन अझ बढ्ने तथा स्थानीय व्यवसायसमेत फस्टाउने विश्वास व्यक्त गर्नुभयो।

प्राकृतिक सौन्दर्य, सहज पहुँच, बढ्दो आन्तरिक पर्यटकको आकर्षण तथा सरकारी लगानीसँगै गाईखुरे झरना लमजुङको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुने स्थानीयको विश्वास छ।

## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ८ साविक लेखानीगा.वि.स.वडानं.७निवासी भारतिय भु.पु.नं. ५०४२८०५ का महाविर पुन थापाको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर लिलामाया पुन थापा र भारतिय पेन्सन डकुमेन्टमा नामथर लिलुमाया थापा भएता पनि व्यक्ति एउटै भएको भनी काठेखोला गाउँपालिका ८ नं. वडा कार्यालय बागलुङको च.नं २९३ मिति २०७४।१२।१६ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



यस जिल्लास्थित साविक माझफाँट गा.वि.स. वडा नं २ हाल जलजला गाउँपालिका वडा नं. ४ बस्ने भारतीय भु.पु. सैनिक नं JC 617462 H/LT बम बहादुर थापा (ने.ना.प्र.प.मा नामथर बम्बहादुर मल्ल) को छोरा अनिल बहादुर थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर अनिल मल्ल, जन्ममिति वि.सं. २०४६।०८।१४ उल्लेख भएको र निजको बाबुको भारतीय पेन्सन अभिलेखमा छोराको नामथर अनिल बहादुर थापा, जन्ममिति सन् १९८८-१२-२९ उल्लेख भई नामथर र जन्ममिति फरक भएता पनि दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी जलजला गाउँपालिका ४ नं. वडा कार्यालय, पर्वतको च.नं. १०५९ मिति २०८३।०३।२२ को पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा यस जिल्लास्थित साविक माझफाँट गा.वि.स. वडा नं २ हाल जलजला गाउँपालिका वडा नं. ४ बस्ने भारतीय भु.पु. सैनिक नं JC 617462 H/LT बम बहादुर थापा (ने.ना.प्र.प.मा नामथर बम्बहादुर मल्ल) को श्रीमती कृष्ण कुमारी थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर कृष्ण कुमारी मल्ल, 'जन्ममिति वि.सं. २०२१।०१।१५ उल्लेख भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर कृष्ण कुमारी थापा, जन्ममिति सन् १९६४-०३-३० उल्लेख भई नामथर र जन्ममिति फरक भएता पनि दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी जलजला गाउँपालिका ४ नं. वडा कार्यालय, पर्वतको च.नं. १०६० मिति २०८३।०३।२२ को पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



यस जिल्लास्थित साविक माझफाँट गा.वि.स. वडा नं २ हाल जलजला गाउँपालिका वडा नं. ४ बस्ने भारतीय भु.पु. सैनिक नं JC 617462 H/LT बम बहादुर थापा (ने.ना.प्र.प.मा नामथर बम्बहादुर मल्ल) को छोरा भिष्म बहादुर थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भिष्म मल्ल, जन्ममिति वि.सं. २०४३।०४।०४ उल्लेख भएको र निजको बाबुको भारतीय पेन्सन अभिलेखमा छोराको नामथर भिष्म बहादुर थापा, जन्ममिति सन् १९८६-०८-१९ उल्लेख भई नामथर र जन्ममिति फरक भएता पनि दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी जलजला गाउँपालिका ४ नं. वडा कार्यालय, पर्वतको च.नं. १०५८ मिति २०८३।०३।२२ को पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।


**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



स्याङ्जा जिल्ला गल्याङ नगरपालिका वडा नं.-२ निवासी भारतीय भु.पु. सैनिक नं. ५७५१५६८ H 6/8 GR का गंगा बहादुर थापाको श्रीमती ना.प्र.नं. ३६३२ की कृष्ण कुमारी राना थापाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर कृष्ण कुमारी राना थापा जन्ममिति वि.सं. २०२५/०२/०१ ई.सं. १९६८/०५/१४ भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर कृष्ण माया थापा, जन्ममिति ई.सं. १९६९/०५/२६ वि.सं. २०२६/०२/१३ उल्लेख भर्य फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफासिर गरिदिनुहुन भनी उक्त नगरपालिका २ नं. वडा कार्यालयको च.नं. १२३४, मिति २०८३/०३/१५ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २२ निवासी भारतीय भु.पु.सै.न. ५८४४७०८W का नायक/टि.एस. BABU RAM KSHETRI को श्रीमती छेत्र कुमारी बरालको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर Chhetra Kumari Baral, जन्म मिति वि.स. २०२२।०४।११ तदानुसार ई.स. १९६५-०७-२६ भएको र पेन्सन अभिलेखमा नामथर Chatra Devi, जन्म मिति ई.सं. १९६३-०२-२७ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २२ नं. वडा कार्यालयको च.नं. ३८४६ मिति २०८३।०३।२२ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

# सत्तरी लाखमा बन्यो स्वास्थ्यचौकी भवन

पोखरापत्र संवाददाता
ढोरपाटन, २४ असार

बागलुङ नगरपालिका-६ मा स्वास्थ्यचौकी भवन निर्माण गरिएको छ । वर्षौं पुरानो जीर्ण भवनबाट सेवाप्रवाह गर्दा असहज भएपछि लहरेपिपल स्वास्थ्यचौकीको नयाँ भवन निर्माण गरिएको हो ।

चालु आर्थिक वर्षमा सङ्घीय सरकारले विनियोजन गरेको रु ७४ लाख र स्थानीयको रु पाँच लाखबराबरको जनश्रमदान गरी रु ७९ लाखमा भवन निर्माण गरिएको वडाध्यक्ष रुद्रबहादुर केसीले जानकारी दिनुभयो । गत वैशाख पहिलो साता निर्माण समितिसँग सम्झौता गरी काम सुरु भएकामा छोटो समयमा भवन निर्माण सम्पन्न भएको उहाँको भनाइ छ । निर्माण समितिमार्फत काम गर्दा करिब दुई महिना २१ दिनमा भवन तयार भएको अध्यक्ष केसी बताउनुहुन्छ । उहाँका अनुसार भवन निर्माणका लागि स्थानीयले दुई रोपनी जग्गा निःशुल्क उपलब्ध गराएपछि भवन निर्माण गरिएको हो । उक्त भवनबाट आकस्मिक कक्ष, ओपिडी, परिवार नियोजन तथा मातृशिशु सेवा कक्ष, स्वास्थ्यकर्मी कक्ष र भान्सा कोठा बनाइएको अध्यक्ष केसीले बताउनुभयो । उहाँले भन्नुभयो, "भवन जीण हुँदा सेवाप्रवाहमा केही समस्या भएको थियो, अब समस्या समाधान भएको छ, स्थानीय समितिमार्फत काम गर्दा समयमै पनि काम सकियो, अब यहाँका नागरिकलाई गुणस्तरीय सेवा दिन प्रयास गर्नेछौं, भवन व्यवस्थित भएको हुँदा अब सेवालाई पनि व्यवस्थित बनाउनुपर्ने छ ।" स्वास्थ्यचौकी प्रमुख विष्णनाथ शर्माले अब यहाँबाट पहिले दिँदै आएको सेवासहित प्रसूति सेवा पनि दिने बताउनुभयो । पहिले भवन अभावका सेवा उपलब्ध गराउन नसकेको उहाँको भनाइ छ। भवन निर्माणपछि त्यसको संरक्षणका लागि तारबार गरिएको छ। पहिले स्वास्थ्यचौकीले नियमित खोप सेवासमेत सञ्चालन गर्दै आए पनि भवन अभावमा खोप सुरक्षित राख्न नसकेपछि बागलुङ बजार पठाउनुपर्ने बाध्यता रहेको सुनाउँदै अब स्वास्थ्यचौकीमै राख्न सकिने प्रमुख शर्माले बताउनुभयो ।

"स्वास्थ्यचौकीको नयाँ भवन बनेपछि यहाँबाट दिने सेवा पनि थप प्रभावकारी बन्नेछन्, अहिलेसम्म खोप पनि सुरक्षित राख्न सकिने अवस्था थिएन, अब त्यो समस्या हटेको छ", उहाँले भन्नुभयो, "नयाँ भवनमा विद्युत् सेवा सहज भएको डिपफ्रिज, औषधि भण्डारण गर्न सकिनेछ भने बिरामीलाई समयमै उपचार गर्न सकिनेछ ।"


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं.५ स्थित झौरीखेत तथा विस्कुट फ्याक्ट्री पश्चिम बाँकी खण्ड सिंचाई नहर मर्मत गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : झौरीखेत तथा विस्कुट फ्याक्ट्री पश्चिम बाँकी खण्ड सिंचाई नहर मर्मत**

**उपभोक्ता समितिको नाम : झौरीखेत तथा विस्कुट फ्याक्ट्री पश्चिम बाँकी खण्ड सिंचाई नहर मर्मत उपभोक्ता समिति, पोखरा-५, कास्की**

**उपभोक्ता समितिको अध्यक्षको नामः रमेश नेपाली**

**सम्पर्क नं : ९७६४८६०९९०**

**जम्मा सदस्य संख्या : ९**

**महिला सदस्य संख्या : ४**

**योजना सम्झौता मिति : २०८२/१२/०३**

**योजना सुरु मिति : २०८२/१२/०४**

**सम्पन्न भएको मितिः २०८३/०३/२३**

**सम्पन्न हुने मितिः २०८३/०३/१०**

**महानगरपालिकाबाट : रु. ६,००,०००/-**

**जनसहभागिता : रु. ६९,०३१/४**

**योजनाको कुल लागत : रु. ६,६९,०३१/४**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २० निवासी भारतीय भु.पु.सै.नं. ५४३७०८९ HAV 5GR(FF) का लालकाजी गुरुङको श्रीमती डिल कुमारी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर डिल कुमारी गुरुङ भएको र पेन्सन अभिलेखमा नामथर डिल कुमारी गुरुङसेनी उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २० नं. वडा कार्यालयको च.नं. २२८९ मिति २०८३।०३।१९ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं. ०६ निवासी भारतीय भु.पु. सैनिक नं. 5442328 NK टौला सिङ थापा 4/5 G.R को ना.प्र.नं. ५२१६ को नेपाली नागरिकता प्रमाण पत्रमा नामथर तहल सिङ थापा, जन्ममिति वि.सं. २००३।०१।१३ भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा नामथर टौला सिङ थापा, जन्ममिति ई.सं. 1948/01/06, र निजको श्रीमती ना.प्र.नं. ५१७३ की दुर्गा माया थापाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर दुर्गा माया थापा, जन्ममिति वि.सं. २००७।०३।०७ ई. सं. 21/06/1950, पतिको भारतीय पेन्सन अभिलेखमा नामथर दुर्गी कुमारी मगर्नी, जन्ममिति वि.सं. २००८।१२।०३ ई.सं. 15/03/1952 उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०६ नं वडा कार्यालयको च.नं. ९८०, मिति २०८३।०३।२२ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**


# सबै सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड

पोखरापत्र संवाददाता
पर्वत, २४ असार

पर्वतको मोदी गाउँपालिकाले सामुदायिक विद्यालयमा आधुनिक शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने उद्देश्यसहित सबै विद्यालयलाई स्मार्ट बोर्ड वितरण गरेको छ ।

पालिकाभित्र रहेका माध्यमिक तहका विद्यालयलाई ५२ वटा स्मार्ट बोर्ड हस्तान्तरण गरिएको प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरीले जानकारी दिनुभयो ।

सामाजिक, आर्थिक रूपान्तरणको रणनीति, समग्र पहुँच र गुणस्तरीय आधुनिक प्रविधियुक्त शिक्षा भन्ने नारालाई आत्मसात् गर्दै रु एक करोड २३ लाख २१ हजारको लागतमा ५२ थान स्मार्ट बोर्ड खरिद गरी विद्यालयलाई हस्तान्तरण गरिएको हो । गाउँपालिकाले विद्यालयमा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्ने अभियानअन्तर्गत बोर्डको व्यवस्थापन गरिएको थियो ।

स्मार्ट बोर्डको प्रयोगले शिक्षकको शिक्षणशैली थप प्रभावकारी हुने, विद्यार्थीको सिकाइ रुचिकर बन्ने तथा सूचना-प्रविधिमैत्री शिक्षाको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने गाउँपालिकाका शिक्षा अधिकृत दिनेश पौडेलले विश्वास व्यक्त गर्नुभयो । आधुनिक शिक्षाको आधार नै प्रविधि भएकाले स्मार्ट बोर्डको अधिकतम् सदुपयोग गर्न गाउँपालिका अध्यक्ष हिरादेवी शर्माले विद्यालयलाई आग्रह गर्नुभएको छ। मार्ट बोर्ड केवल उपकरण नभई शिक्षण सिकाइको गुणस्तर परिवर्तन गर्ने माध्यम भएको उल्लेख गर्दै यसको नियमित र प्रभावकारी प्रयोग गर्न उपाध्यक्ष विमल लामिछानेले आग्रह गर्नुभयो । ग्रामीण क्षेत्रका विद्यार्थीलाई पनि आधुनिक प्रविधिसहितको शिक्षा उपलब्ध गराउने गाउँपालिकाको प्रयासले विद्यार्थीहरू अब्बल बन्ने उहाँको विश्वास छ ।

# सुत्केरीलाई घ्यू र अण्डा वितरण

पोखरापत्र संवाददाता
पर्वत, २४ असार

पर्वत, २४ असारः जलजला गाउँपालिकाले चालु आर्थिक वर्षमा मल्लाज, लेकफाँट र शालिजाका स्वास्थ्य संस्थामा सुत्केरी भएका १४९ सुत्केरीलाई घ्यू र अण्डा वितरण गरेको छ । पालिकाको लक्षित वर्ग शीर्षकमा विनियोजन भएको बजेटबाट 'उपाध्यक्षको सुत्केरी पोषण' कार्यक्रमअन्तर्गत उक्त वस्तु उपलब्ध गराइएको हो ।

स्वास्थ्य संस्थामा नगई घरमा नै सुत्केरी गराउने परम्परालाई अन्त्य गर्ने र आमा र बच्चाको पोषण सुधारका लागि सन्देश प्रवाह गर्ने उद्देश्यले घ्यू र अण्डा उपलब्ध गराइएको गाउपालिकाले जनाएको छ । उपाध्यक्ष सुत्केरी पोषण कार्यक्रम' मार्फत संस्थागत सुत्केरी भएका नौ वटा वडाका १४९ जनालाई घ्यू र अण्डा वितरण गरिएको उपाध्यक्ष दीपक आचार्यले जानकारी दिनुभयो ।

"विसं २०८२ साउनदेखि असार मसान्त तेस्रो हप्तासम्म स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई दुई क्यारेट अण्डा र एक माना घ्यू वितरण गरिएको हो", उहाँले भन्नुभयो, "पालिकाकै किसानले उत्पादन गरेको अण्डा र घ्यू खरिद गरेर वितरण गरेका हौ ।" सुत्केरी तथा बच्चा दुई वर्षको हुँदासम्मको अवस्थामा पौष्टिक आहारको व्यवस्थापन गर्नुपर्ने सन्देश प्रवाह गराउने र संस्थागत सुत्केरी सेवामा पहुँच बढाउने कार्यक्रमको लक्ष्य रहेको छ । महिला तथा बालबालिका शाखाका प्रमुख विन्दु शर्माले घ्यू र अण्डा वितरणका क्रममा स्वास्थ्यकर्मीबाट पोषण र पौष्टिक आहार तयार पार्ने विषयमा परामर्श दिने गरिएको बताउनुभयो ।

# पहिरो र नदी कटान रोक्न दग्नाममा बस्ती संरक्षण योजना

पोखरापत्र संवाददाता
म्याग्दी, २४ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दग्नाममा बस्ती संरक्षण योजना निर्माण भएको छ । सिँचाइ तथा जलस्रोत ब्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत दग्नामको बस्तीलाई जोखिम बनाएको पहिरो र नदी कटान नियन्त्रण गरिएको हो ।

सङ्घीय सरकारले विनियोजन गरेको रु तीन करोड बजेटबाट दग्नाम गाउँको फेदी, कान्छीगाउँको फेदी पानाकोट र कुम्माखोलाको किनारमा तटबन्ध निर्माण भएको रघुगङ्गा गाउँपालिका-४ का वडाध्यक्ष पविन गर्बुजाले बताउनुभयो । "भिरालो पाखामा रहेको दग्नाम गाउँ पहिरो र कम्माखोलाको कटान जोखिममा परेको थियो", उहाँले भन्नुभयो, "ग्याबियन पर्खाल र तटबन्ध गरेपछि पहिरो, बाढी र कटानको जोखिममा घटेको छ ।" एक सयभन्दा बढी घरपरिवारको बसोबास रहेको दग्नामका बासिन्दाले योजना निर्माणपछि सुरक्षित महसुस गरेका वडाध्यक्ष गर्बुजाले बताउनुभयो ।

रघुगङ्गा गाउँपालिकाको केन्द्र मौवाफाँटदेखि दग्नाम हुँदै दर्मीजा, चिमखोला, कुइनेमङ्गले जोड्ने सडकलाई पनि सुरक्षित बनाएको छ । उक्त योजना निर्माणका लागि रु दुई करोड २५ लाख ६९ हजार ९२९ मा हिमालयन कन्ट्रक्सन/ताण्डपेश्वर/हिमालयन बिल्डर्स जेभीले २०८२ साल फागुन २९ गते ठेक्का सम्झौता गरेको थियो । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका इन्जिनियर नरजङ्ग गुरुङले योजनामार्फत तीन हजार ७५३ घनमिटर ग्यावियन पर्खाल निर्माण गर्ने काम सम्पन्न भएको जानकारी दिनुभयो। यही असार १९ गतेसम्मको ठेक्काको म्याद रहेको आयोजना निर्धारित समयअगावै सम्पन्न भएको उहाँले बताउनुभयो ।

निर्माण कम्पनीका प्रतिनिधि रवीन्द्र कार्कीले इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद सम्झौतालगत्तै निर्माण सामग्री व्यवस्थापन, मजदुर र उपकरण परिचालन गरेर निर्धारित समयअघि नै योजना सम्पन्न गरी जिम्मेवारी पूरा गरेको बताउनुभयो । स्थानीय जनप्रतिनिधि र समुदाय, आयोजना कार्यालयले सहजीकरण र समन्वय गरेकाले समयमै योजना सम्पन्न गर्न सफल भएको उहाँले बताउनुभयो ।

त्यसैगरी, सङ्घीय सरकारको रु दुई करोड ३९ लाख लगानीमा रघुगङ्गा गाउँपालिकाको केन्द्र मौवाफाँटदेखि दग्नाम-दर्मीजा-चिमखोला-घ्यासीखर्क जोड्ने सडकको औरी, बुग्ल र दग्नाम खण्डमा ९०० मिटर ढलान गरेर पक्की बनाइएको छ । दग्नाम, दर्मीजा, चिमखोला, घ्याँसीखर्क, मङ्गलेखानी, चौरखानी र पाल्लेखर्क गाउँका बासिन्दा लाभान्वित भएका वडाध्यक्ष गर्बुजाले बताउनुभयो ।


## एउटै व्यक्ति भएको सूचना

स्याङ्जा जिल्ला भीरकोट नगरपालिका वडा नं. ०८ निवासी भारतीय भु.पु. सैनिक नं. ५२४०७४६ X ५/३ G/R का हवल्दार भिमसेन गुरुङको छोरा ना.प्र.नं. ७३७९ का विमल गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर विमल गुरुङ, जन्ममिति वि.सं. २०३१/१०/२१ ई.सं. १९७५ फेब्रुअरी ०३ भएको साथै निजको बाबु भिमसेन गुरुङको भारतीय पेन्सन अभिलेखमा नामथर बोम बहादुर गुरुङ, जन्ममिति सन् १९७४ फेब्रुअरी १३ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०८ नं वडा कार्यालयको च.नं. ८४०, मिति २०८३/०३/२२ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

## एउटै व्यक्ति भएको सूचना

स्याङ्जा जिल्ला भीरकोट नगरपालिका वडा नं. ०८ निवासी भारतीय भु.पु. सैनिक नं. ५२४०७४६ X ५/३ G/R का हवल्दार भिमसेन गुरुङको श्रीमती झन माया गुरुङको ना.प्र.नं. ८५६६ को नेपाली नागरिकता प्रमाण पत्रमा नामथर झन मया गुरुङ, जन्ममिति वि.सं. २००७/१२/०५ ई.सं. १९५१ मार्च १८ भएको साथै निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर जन माया गुरुङ, जन्ममिति सन् १९५२ नोभेम्बर १७ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०८ नं वडा कार्यालयको च.नं. ८३९, मिति २०८३/०३/२२ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

## एउटै व्यक्ति भएको सूचना

स्याङ्जा जिल्ला भीरकोट नगरपालिका वडा नं. ०८ निवासी भारतीय भु.पु. सैनिक नं. ५२४०७४६ X ५/३ G/R का हवल्दार भिमसेन गुरुङको छोरी ना.प्र.नं. ३६-०१-७०-१४२०१ की झरना गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर झरना गुरुङ भएको साथै निजको बाबु भिमसेन गुरुङको भारतीय पेन्सन अभिलेखमा नामथर झसुन कुमारी गुरुङ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०८ नं वडा कार्यालयको च.नं. ८३८, मिति २०८३/०३/२२ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, कुलायन मार्ग सिमखेतको भित्री सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः कुलायन मार्ग सिमखेतको भित्री सडक स्तरोन्नति

ठेगानाः पोखरा-१३

योजना सुरु हुने मितिः २०८३/०१/०१

योजना सम्पन्न हुने मितिः २०८३/०२/३० गते

योजना सम्पन्न भएको मितिः २०८३/०३/२३ गते

योजनाको कुल लागतः रु. ४,४४,४४४।-

महानगरपालिकाबाटः रु. ४,००,०००।-

जनसहभागिताबाटः रु. ४४,४४४।-

उपभोक्ता समिति अध्यक्षः सृजना बराल

उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**कुलायन मार्ग सिमखेतको भित्री सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-१३**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा न. १० निवासी भारतीय भु.पु. सैनिक न. ५८४३९३९ NK तुल बहादुर ठकुरीको श्रीमती मिना कुमारी खाँण ठकुरीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मिना कुमारी खाँण ठकुरी, जन्म मिति वि.स. २०२०।०४।१० तदानुसार ई.स. १९६३-०७-२५ उल्लेख भएको र पेन्सन अभिलेखमा नामथर मिना कुमारी ठकुरी (MINA KUMARI THAKURI), जन्म मिति ई.स. १९६३-०१-०८ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १० नं. वडा कार्यालयको च.न.३०९८ मिति २०८३।०३।१७ को सिफारिस पत्रवाट लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० निवासी भारतीय भु.पु.सै.न. JC- ६०७८९२W का भिम बहादुर गुरुङको श्रीमती इश्वरी गुरुङ्गको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर इश्वरी गुरुङ्ग, जन्म मिति वि.स. २०३१।१०।१२ तदानुसार ई.स. १९७५-०१-२५ भएको र पेन्सन अभिलेखमा नामथर इश्वरी गुरुङ्ग, जन्म मिति ई.स. १९७६-०५-११ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १० नं. वडा कार्यालयको च.नं. २१८८ मिति २०८३।०३।२४ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**